जलजला गाउँपालिका
# गाउँकार्यपालिकाको कार्यालय
लामाखेत,पर्वत
गण्डकी प्रदेश, नेपाल
☎०६९-५२२००१
५२२००२

## जलजला गाउँपालिका, गाउँकार्यपालिकाको ११८ औं वैठक

अध्यक्षता:- वैठक संख्या:-१४-०७८/७९

अध्यक्ष श्री राजु प्रसाद आचार्य, जलजला गाउँपालिका लामाखेत पर्वत। मिति:- २०७९/०३/२२

उपस्थिती:-

| क.सं. | नामथर | पद | सम्पर्क नं. | हस्ताक्षर |
|---|---|---|---|---|
| १ | श्री राजु प्रसाद आचार्य | अध्यक्ष | ९८५७६४६१०० | |
| २ | श्री दिपक आचार्य | उपाध्यक्ष | ९८५७६४७१०० | |
| ३ | श्री जक बहादुर रोका | १ नं. वडा अध्यक्ष | ९८६४४८७०५१ | |
| ४ | श्री प्रकाश बहादुर घर्ती क्षेत्री | २ नं. वडा अध्यक्ष | ९८६७६३९०७३ | |
| ५ | श्री एकिन्द्र खत्री | ३ नं. वडा अध्यक्ष | ९८४७७१८६८३ | |
| ६ | श्री भरत बहादुर क्षेत्री | ४ नं. वडा अध्यक्ष | ९८४१४९३२६१ | |
| ७ | श्री तिलक बहादुर जि.सी. | ५ नं. वडा अध्यक्ष | ९८५७६२९६३२ | |
| ८ | श्री बल बहादुर पुर्जा पुन | ६ नं. वडा अध्यक्ष | ९८५७६२५३८२ | |
| ९ | श्री टुंङ्गनाथ आचार्य | ७ नं. वडा अध्यक्ष | ९८४७६३४५५१ | |
| १० | श्री हरी विकास जि.सी. | ८ नं. वडा अध्यक्ष | ९८५७६२२६५६ | |
| ११ | श्री गौ बहादुर पुर्जा | ९ नं. वडा अध्यक्ष | ९८४७६७३२१९ | |
| १२ | श्री बिमला बरुवाल के.सी. | कार्यपालिका सदस्य | ९८६४३८२७७८ | |
| १३ | श्री सुनिता क्षेत्री खत्री | कार्यपालिका सदस्य | ९८६७८८६९०६ | Sunita |
| १४ | श्री बवि सुवेदी | कार्यपालिका सदस्य | ९८६७९७२४९७ | बवी |
| १५ | श्री माया कुमारी भुसाल | कार्यपालिका सदस्य | ९८४७६६९४८० | मिया |
| १६ | श्री भिमसेन बहादुर विश्वकर्मा | कार्यपालिका सदस्य | ९८५७६४०७१० | |
| १७ | श्री भिम बहादुर दमै | कार्यपालिका सदस्य | ९८०८२५४३१५ | भीम |
| १८ | श्री राजेन्द्र बहादुर क्षेत्री | सचिव | ९८५७६२२३७७ | |

अन्य उपस्थिती:-

| क.सं. | नामथर | पद | सम्पर्क नं. | हस्ताक्षर |
|---|---|---|---|---|
| १ | श्री प्रताप शर्मा | अधिकृत | ९८४६१४२९०० | |
| २ | श्री फणिन्द्र प्रसाद आचार्य | लेखा अधिकृत | ९८५७६४४६९५ | |
| ३ | श्री रमेश आचार्य | सहायक चौथो | ९८४९४८५२२३ | |

## प्रस्ताव तथा निर्णयहरु:

१. **सहजिकरण समिति गठन सम्वन्धमा:-** भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित वसोवासीको लगत संकलन सम्वन्धी कार्यविधि २०७८ दफा ४ को उपदफा (१) बमोजिम भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित वसोवासीको पहिचान लगत संकलन प्रमाणिकरण तथा नाप नक्सा गर्ने कार्यमा सहयोग र सहजिकरण गर्न यस यस गाउँपालिकाका तपसील बमोजिम स्थानीय सहजिकरण समिति गठन गर्ने र कार्यविधिको उपदफा (२) बमोजिम प्रत्येक वडाहरुमा समेत सहजीकरण समिति गठन गर्ने निर्णय गरीयो ।

तपसिल:

| क्र.सं. | पद | नामथर | पदाधिकारी/सदस्य | कैफियत |
|---|---|---|---|---|
| १ | गाउँपालिका अध्यक्ष | श्री राजु प्रसाद आचार्य | संयोजक | |
| २ | गाउँपालिका उपाध्यक्ष | श्री दिपक आचार्य | उपसंयोजक | |
| ३ | क्रियाशील राजनैतिक राजनैतिक दलका प्रतिनिधी एक/एक जना | | सदस्य | सम्वन्धित दललाई प्रतिनिधि खटाइदिन अनुरोध गर्ने |
| | | | | |
| ४ | कार्यपालिका सदस्य | श्री भिमसेन बहादुर विश्वकर्मा | सदस्य | |
| ५ | कार्यपालिका सदस्य | श्री सुनिता क्षेत्री खत्री | सदस्य | |
| | किसान सुकुम्वासी भूमि बसोवास लगायतका क्षेत्रमा क्रियाशील संघ संगठन वा नागरिक समाजवाट एक/एक जना दलित र महिला सहित तीन जना | | | समितिवाट पछी मनोनयन गरिने |
| | | | | |
| | | | | |
| ६ | प्रमुख प्रशासकीय अधिकृत | श्री राजेन्द्र बहादुर क्षेत्री | सदस्य सचिव | |

२। **ढुङ्गा, गिटी, बालुवाको, राजस्व सम्वन्धमा:-** कालीगण्डकी नदीवाट नदिजन्य पदार्थको अवैध चोरी निकासी भएको र नदि दोहन भएको भनी यस गाउँपालिकालाई समेत विपक्षी बनाई सर्वोच्च अदालतमा मुद्दा परी सर्वोच्च अदालतवाट मिति २०७८/०३/२९ मा उत्प्रेशण आदेश जारी भएको सम्वन्धमा गाउँपालिकाको आन्तरिक आम्दानीको मुख्य श्रोतको रुपमा रहेको ढुङ्गा, गिटी, वालुवा, दहत्तर वहत्तरको उत्खनन् तथा निकासी शुल्क संकलनको कार्य प्रभावित भएको र चालु आ.व. २०७८/७९ का लागि लक्षित आन्तरिक आम्दानी ४,०२६,३,०००।अक्षरुपी रु.चार करोड छब्विस लाख तीन हजार मध्येको सवैभन्दा ठुलो हिस्सा करिव रु. २,०५०,००००।अक्षरुपी दुई करोड पचास लाख राजस्व आम्दानी हुन नसकेकोमा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उपदफा घ को ५ बमोजिम स्थानीय राजस्वको आधार विस्तार तथा प्रवर्द्धन र सोही उपदफाको ६ मा उल्लिखित ढुङ्गा, गिटी, वालुवा, माटो, काठ, दाउरा, जराजुरी, स्लेट, खरीढुङ्गा आदि

६। **लक्षित कार्यक्रम सम्वन्धमाः-** चालु आ.व. २०७८/७९ को लक्षित कार्यक्रम अन्तर्गत विनियोजित रकम रु. १००००००। दश लाखवाट गाउँपालिका भित्र रहेका महिला वालवालिका अपाङ्ग असहाय तथा जेष्ठ नागरिकका लागि आवश्यक सहायता सामग्री खरिद गरी वितरण गर्ने निर्णय गरीयो ।

७। **नदीजन्य पदार्थको अवैध उत्खनन् र चोरी निकासी नियन्त्रण गर्ने सम्वन्धमाः-** ढुङ्गा, गिटी, वालुवा उत्खनन्, संकलन, क्रसिङ्, बिक्री वितरण तथा क्रसर उद्योग स्थापना र सञ्चालनलाई व्यवस्थित गर्ने कार्यविधी, २०७५ बमोजिम असार १ गते देखि भदौ मसान्त सम्म नदिजन्य पदार्थको उत्खनन् तथा संकलन गर्न बन्देज लगाइएको तथा सम्मानित सर्वोच्च अदालतमा दायर भएको मुद्दा विचाराधिन रहेको अवस्थामा गाउँपालिकाले चालु आ.व. मा नदीजन्य पदार्थ उत्खनन् तथा संकलनको कार्य नगरेको अवस्थामा यस गाउँपालिका भित्र नदीजन्य पदार्थ उत्खनन् तथा निकासी गर्ने उद्देश्यले कालिगण्डकी नदी नजिक राखिएका मेशीनरी औजारहरु (एक्साभेटर, जेसिभी, ट्रिपर, टयाक्टर आदि) नदिजन्य पदार्थ उत्खनन् संकलन तथा ओसार पसार गर्न नपाउने गरी हटाउनका लागि जारी गरिएको ३ दिन म्याद समेत समाप्त भएको हुँदा प्रचलित कानून र गाउँपालिकाको निर्देशनको पालना नगरी नदी किनारमा जुनसुकै मेशीनरी औजार फेला परेको अवस्थामा यस कार्यालयवाट खटिएका कर्मचारीहरुले आर्थिक ऐन बमोजिम तपशिल बमोजिम जरिवाना रकम असुल गर्ने र सम्मानित उच्च अदालत पोखरा वागलुङ् इजलाशको मिति २०७९।०३।१९ को निर्णयवाट गाउँपालिका विरुद्ध दायर भएको रिट खारेज भएको हुँदा दर्तावाला अधिकारप्राप्त फर्मवाट भ्याट विल मार्फत खरिद भई गाउँपालिका क्षेत्रमा निकासी भएको नदीजन्य पदार्थ ढुङ्गा, गिटी, वालुवाको निकासी शुल्क वापतको रकम आर्थिक ऐनले तोकेको दररेट बमोजिमको रकम असुल गरी आम्दानी दाखिला गर्ने तर भ्याट विल विना निकासी भएको पदार्थको हकमा नियन्त्रणमा लिई जरिवाना असुल गर्ने निर्णय गरीयो।

८. **निर्णय अनुमोदन सम्वन्धमाः-** मिति २०७९/०३/२० को वन वातावरण तथा विपद व्यवस्थापन समिति वैठकको निर्णयहरु अनुमोदन गर्ने निर्णय गरीयो ।

९। **खर्च भुक्तानी सम्वन्धमाः-** राष्ट्रिय परिचयपत्र तथा पञ्जिकरण विभागको कार्यक्रम अनुसार यस गाउँपालिकामा रहेका व्यक्तिहरुको तथ्याङ्क संकलनका लागि मिति २०७९ जेठ महिनामा गाउँपालिकाका विभिन्न स्थानहरुमा सञ्चालन भएको ७ दिन देखि १० दिने शिविरमा खर्च भएको केन्द्र व्यवस्थापन खर्च र रुजु अधिकारी तथ्याङ्क प्रविष्ट गर्ने कम्प्यूटर अपरेटर र सहयोगीहरुको खाजा नास्ता वापतको रकमको भूक्तानी गाउँपालिकावाट गर्ने निर्णय गरीयो ।

१०। जलजला गाउँपालिकाको विषयगत समितिको कार्यसञ्चालन कार्यविधि, २०७९ पारित गरी लागू गर्ने निर्णय गरीयो।

प्राकृतिक.....वस्तुको विक्रि तथा निकासी शुल्क संकलन गर्न पाउने अधिकारमा वाधा पुग्न गएको छ भने अनुमानित राजस्व आम्दानीको अभावमा कार्यालयको आर्थिक काम कारवाही प्रभावित भएकोले, नदिजन्य पदार्थको अभावमा विकास निर्माणका काम कारवाही प्रभावित भएको तथा यस क्षेत्रमा कार्यान्वयनको चरणमा रहेका राष्ट्रिय गौरवका सडक जलविद्युत लगायतका अन्य आयोजनालाई समेत निर्माण सामग्रीको अभाव भएकोले त्यसको निकासका लागि सम्मानित अदालतको आदेश विपरित नहुने र कानूनले तोकिदिएको अधिकारक्षेत्रको प्रयोग गाउँपालिकाले गर्न पाउँने गरी गाउँपालिकावाट स्वीकृत प्रारम्भिक वातावरणीय परिक्षण प्रतिवेदन (IEE) अनुसार नदीजन्य पदार्थको दिगो व्यवस्थापनवाट राजस्व आम्दानी गर्नका लागि आवश्यक सहजिकरण गर्न सरोकारवाला निकायहरु संघ सरकार प्रदेश सरकार तथा छिमेकी पालिकाहरु तथा गाउँपालिका/नगरपालिका महासंघले सामूहिक पहल गर्ने र न्यायिक प्रकृयावाट समेत निकास खोज्ने निर्णय गरियो। साथै कालीगण्डकी नदीको स्वीकृत प्रारम्भिक वातावरणिय परिक्षण प्रतिवेदन (IEE) को म्याद समाप्त हुन लागेको हुँदा आगामी आ.व. का लागि नयाँ (IEE) प्रतिवेदन तयार गर्ने प्रकृया अगाडि बढाउने निर्णय गरीयो।

३। **पाईप जाली खरिद सम्वन्धमाः-** चालु आ.व. २०७८/७९ का लागि ग्याविन जाली तथा खानेपानी तथा सिंचाई पाइप शिर्षकमा विनियोजित रकम मध्ये रु. १००००००। दश लाखवाट बाढी पहिरो तथा विपदजन्य घटनामा उद्धार राहत तथा बाढी पहिरोको रोकथामका लागि आवश्यक ग्याविन जाली तथा खानेपानी तथा सिंचाई पाइप खरिद गर्न कार्यपालिकाको कार्यालयलाई अनुमती दिने निर्णय गरीयो ।

४। **एम्वुलेन्स व्यवस्थापन समिति गठन सम्वन्धमाः-** गाउँपालिका भित्र वडा नं. ८ नाग्लिवाङको सक्रियतामा अधिकांश प्रवासी नाग्लिवाङ्वासीहरुको सहयोगमा खरिद भएको एम्वुलेन्सलाई गाउँपालिका मातहतमा ल्याइ गाउँपालिकाका सवै भेगका वासिन्दाहरुलाई सेवा पुग्ने गरी सञ्चालन तथा ब्यवस्थापन गर्नका लागि तपशिल बमोजिमको एम्वुलेन्स ब्यवस्थापन समिति गठन गर्ने निर्णय गरीयो।

तपसिलः

| क्र.सं. | पद | नाम थर | पदाधिकारी/सदस्य | कैफियत |
|---|---|---|---|---|
| १ | ८ नं. वडा अध्यक्ष | श्री हरि विकास जि.सी. | संयोजक | |
| २ | ५ नं. वडा अध्यक्ष | श्री तिलक बहादुर जि.सी. | सदस्य | |
| ३ | ९ नं. वडा अध्यक्ष | श्री गौ बहादुर पुन | सदस्य | |
| ४ | कार्यपालिका सदस्य | श्री बवी सुवेदी | सदस्य | |
| ५ | कार्यपालिका सदस्य | श्री भिमसेन बहादुर विश्वकर्मा | सदस्य | |
| ६ | स्वास्थ्य शाखा प्रमुख | | सदस्य सचिव | |

५। **बेरोजगार ब्यक्तिहरुको पारिश्रमिक नगदै भुक्तानी गर्ने सम्वन्धमाः-** प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत यस गाउँपालिकामा प्राथमिकताक्रममा परेका सूचिकृत बेरोजगार ब्यक्तिहरुले तोकिएको योजनाको कार्य सम्पन्न भए पश्चात प्राविधिक नापजाँच तथा अनुगमन समितिवाट अनुगमन मूल्याङ्कन गरी नियमानुसार भुक्तानी दिनुपर्ने रकम कार्यविधिको दफा २८ को उपदफा (१) बमोजिम वैकखाता मार्फत भूक्तानी गर्न हाललाई संभव नभएको हुँदा सोही कार्यविधिको उपदफा (२) बमोजिम नगदै पारिश्रमिक भूक्तानी गर्नका लागि संयोजक र सचिवको संयूक्त दस्तखतवाट खाता सञ्चालन गरी भूक्तानी गर्ने निर्णय गरीयो ।